का.जि.प्र.का.द.नं. १००/०५९/६०
**१४ मंसिर २०७९,**
**बुधबार**
**30 November 2022,**
**Wednesday**
**मूल्य रु. ५/-**

# मध्यान्ह

राष्ट्रिय दैनिक


ईपेपर हेर्न

वर्ष २०, अंक २८४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

**शीर्ष चाहना**

# गठबन्धनकै निरन्तरता !

> सत्ता गठबन्धनको विषयमा कतिपयले प्रश्न उठाइरहँदा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले प्रष्ट रुपमा आफूहरुको प्राथमिकता सत्ता गठबन्धनको निरन्तरता भनेको छ ।




> धर्मरिपेक्षता, समावेशितासहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र संविधानले अवलम्बन गरेको व्यवस्था जोगाउन पनि गठबन्धन आवश्यक छ ।
>
> **देवेन्द्र पौडेल**
> **नेता, माओवादी केन्द्र**



> हामीले प्राप्त गरेको मत परिणाम सोचे जस्तो छैन । तर, पनि सत्ता गठबन्धनसँग सँगै लागेर गठबन्धनका कारणले प्राप्त गरेका उपलब्धिलाई रक्षा गर्नुपर्छ ।
>
> **जगन्नाथ खतिवडा**
> **नेता एकीकृत समाजवादी**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ मंसिर ।

सोमबार वर्तमान सत्ता गठबन्धनका प्रमुख तीन दलका शीर्ष नेता छलफलमा जुटे । प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल बीच सोमबार बालुवाटारमा भएको छलफलले ठोस निर्णय त गरेन । तर, वर्तमान गठबन्धनलाई निरन्तरता दिनेमा एकमत भए ।

उक्त छलफलले गठबन्धनमा रहेका दलहरुको औपचारिक बैठक छिट्टै बोलाउने तय गरेको थियो । त्यसलाई थप बल पुऱ्याउने गरी भोलिपल्टै नेकपा एकीकृत समाजवादीले पार्टीको औपचारिक बैठक राख्यो । नेताहरुका अनुसार मंगलबार राजधानीमा बसेको एकीकृत समाजवादीको सचिवालय बैठकले चुनावी नतिजा आफूहरुले सोचेजस्तो नआएको भए पनि प्राप्त उपलब्धीको रक्षार्थ सत्ता गठबन्धनको निरन्तरताको पक्षमै उभिनुपर्ने निष्कर्ष निकाल्यो ।

बैठकपछि एकीकृत समाजवादीका प्रवक्ता जगन्नाथ खतिवडाले आम निर्वाचनमा पाएको मत परिणामको समिक्षा गरिएको बताए । निर्वाचनको पूरै समीक्षा गर्न बाँकी रहेको उनको भनाइ छ । पार्टीको स्थायी कमिटीको, केन्द्रीय कमिटीको बैठक बस्न बाँकी रहेको उल्लेख गर्दै उनले जिल्लामा भेलाहरु भइरहेको जानकारी दिए । जिल्ला भेलाहरुबाट रिपोर्ट आएपछि केन्द्रमा विस्तृत समिक्षा हुने उनले बताए ।

तर, गठबन्धनकै निरन्तरताको पक्षमा आफूहरु रहेको उनले प्रष्ट भने । उनले भने, 'हामीले प्राप्त गरेको मत परिणाम सोचे जस्तो छैन । तर, पनि हामीले सत्ता गठबन्धनसँग सँगै लागेर गठबन्धनका कारणले प्राप्त गरेका उपलब्धिलाई रक्षा गर्नुपर्छ ।' खतिवडाले गठबन्धनको भावनाअनुसार नै अघि बढ्ने निष्कर्ष निकालिएको बताए ।

नेकपा माओवादी केन्द्रले पनि वर्तमान सत्ता गठबन्धनको निरन्तरतामा अडिग रहेको दोहोऱ्याएको छ । चुनावी नतिजालाई लिएर पार्टीभित्र सरकारमा जान नहुने र प्रतिपक्षमा बसेर पार्टी बनाउनुपर्नेमा जोड दिएको भए पनि शीर्ष नेताहरु यसमा सहमत देखिएका छैनन् । तत्कालै कांगेससँगको गठबन्धन तोडेर अन्त जानु उचित नहुने शीर्ष नेताको बुझाइ छ ।

माओवादी नेता देवेन्द्र पौडेलका अनुसार माओवादी सत्ता गठबन्धन तोडेर अन्त जाँदैन । वर्तमान संविधानलाई नै असफल बनाउने प्रयास गरेको शक्ति चुनावबाट समेत दोस्रो शक्तिको रुपमा कायम रहेकाले पनि संविधान जोगाउनेहरुका बीचमा सहकार्यको निरन्तरताको आवश्यकता महसुस भएको नेता पौडेललाई लाग्छ । उनी भन्छन्, 'धर्मनिरपेक्षता, समावेशिता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र संविधानले अवलम्बन गरेको व्यवस्था जोगाउन र शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन पनि अहिलेकै गठबन्धनकै निरन्तरता आवश्यक छ ।'

# स्वार्थको सम्बोधन

**महानगरको टोलीविरुद्ध प्रतिरोधमा उत्रिएको थापाथलीस्थित सुकुम्बासी बस्तीको भावनामाथि खेल्ने प्रयत्न राजनीतिक नेतृत्वले गरेको छ ।**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ मंसिर ।




थापाथलीस्थित सुकुम्बासी बस्ती उठाउने काठमाडौं महानगरको असफल प्रयत्नलाई राजनीतिकरण गर्ने प्रयत्न देखिएको छ । मंगलबार केन्द्रीय मूख्यालय तुलसीलाल स्मृति प्रतिष्ठानमा आयोजित एक कार्यक्रमबाट नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले महानगरको कार्यप्रति आपत्ति जनाएका थिए । महानगरले तमासा देखाएको ओलीले अभिव्यक्ति दिएका थिए ।

सँगै, ओलीले सुकुम्बासी समस्या हल गर्न डोजर चलाएर समाधान नहुने निष्कर्ष सुनाए । ओलीको भनाइ थियो, 'सुकुम्बासी समस्या डोचर चलाएर हुने हो भने आयोग गठन किन आवश्यक पर्थ्यो र ?' लगत्तै महानगरका मेयर बालेन्द्र साह बालेनले ओलीको प्रतिवाद गरे । बालेनले ०४८ साल यता लगातार मन्त्री भएका र दुई तिहाइ बहुमतको सरकारको प्रधानमन्त्री भएका ओलीले सुकुम्बासी समस्याबारे बोल्ने नैतिकता नरहेको चेतावनी दिएका थिए ।

३२ वटा चिसो सुकुम्बासीले कसरी कटाए भन्ने नबुझ्ने ओलीले अहिले यस्तो अभिव्यक्ति दिन नसुहाउने बालेनको कटाक्ष थियो । बागमती सभ्यता अभियानको आग्रह पछि महानगरले सुकुम्बासी बस्ती हटाउने प्रयत्न गरेको उनको प्रष्टोक्ति छ । तर मेयर बालेनले सुकुम्बासीबारे भन्दा बढी ओलीको बिगत सम्झाउने प्रयत्न गरेका छन् । गुठी विधेयकदेखि नेवाः सभ्यता नष्ट हुनेगरी काम गरेका ओलीले सुकुम्बासीबारे सोचेकोमा बालेनको कडा कटाक्ष छ । ओलीसँगै एमालेका थुप्रै नेताले बालेनको कदमको आलोचना गरेका छन् ।

तर सुकमबासी बस्तीका नागरिक मंगलबार आन्दोलनमै रह्यो । पहिलोदिन डोजर लिएर आएको महानगरको टोलीविरुद्ध आक्रमणमा उत्रिएको सुकुम्बासी बस्तीका नागरिकले मंगलबार काठमाडौं महानगर घेरेको छन् । उनीहरुलाई महानगरका अन्य ठाउँका सुकुम्बासीले समेत साथ दिए । तर यसको दीर्घकालीन समाधानबारे सरकारले देखिनेगरी कुनै कदम चालेको छैन । नयाँ सरकार कसले बनाउने भन्ने प्रष्ट छैन । अहिलेको सरकारले पनि यसतर्फ ध्यान नदिदा महानगर नेतृत्व र अरु राजनीतिक कार्यकर्ताबीच वाकयुद्ध चलेको छ ।

महानगर नेतृत्व र राजनीतिक दलहरुबीच चलेको यो वाकयुद्धमा अरु पंक्ति पनि विभाजित देखिन्छन् । कतिपयले बालेनलाई साथ दिएका छन् भने कतिपयले सुकुम्बासीको समस्या देखाएर बालेनको विरोध जनाएका छन् ।

# विकराल बन्दै नागरिकताको समस्या

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ मंसिर ।



रौतहटको गौर नगरपालिका-५ मा बस्ने सजिदा खातुन ६० वर्षकी भईन् । वर्षो अघि श्रीमान गुमाएकी सजितालाई छाडेर दुईवटै छोरा भारत लागे । उनीसँग अहिले ५ धुरमा बनेको एउटा छाप्रो बाहेक अरु केही छैन । वर्षोदेखि एकल महिलाका रुपमा बस्दैं आएकी सजिदाको अहिलेसम्म नागरिकता नबन्दा सरकारबाट पाउने कुनै सुविधा पाएकी छैनन् । उनले पहिला नागरिकताको लागि पहल भने नगरेकी होईनन्, तर हरेक जनप्रतिनिधि आउने अनि आश्वासन मात्रै दिएर जाँदा उनी अहिलेसम्म पनि नागरिकताविहीन नै छिन् । एकातिर छुवाछुतको सिकार अनि अर्कातिर बेसहारा बनेकी सजिदालाई के खाएर गुजारा गर्ने भन्ने अन्यौलता छ । उमेर पुगिसक्दा पनि एकल महिला भत्ता र वृद्धभत्ता नपाउने भएपछि उनलाई कसरी जीविका चलाउने भन्ने पत्तो छैन ।

उनीमात्रै होईन, रौतहटकै गौरी महतो समस्या पनि उनको भन्दा फरक छैन । करिब २० वर्षअघि भारतबाट रौतहटमा बिहे गरेर आएकी उनका ३ वटा छोरा छन् । जो उमेर पुगिसक्दा पनि नागरिकता नपाएपछि काठमाडौंमा कवाडीको काम गरेर बस्न बाध्य भएको उनको भनाई छ । उनले सरकारलाई छिटोभन्दा छिटो नागरिकताको समस्या समाधान गरिदिन आग्रह गरेकी छिन् ।

सजिदा र गौरी त प्रतिनिधि पात्र मात्र हुन्, वृद्धभत्ता खाने उमेरसम्म पनि नागरिकता नपाएपछि तराई देखि पहाडसम्मका धेरै नागरिकहरु समस्यामा परेका छन् ।

'राज्यभित्रै कसैलाई पनि अनागरिक बनाइनु हुँदैन। नागरिकताबाट बञ्चित गराउने गरी विधेयक फिर्ता गरिनु हुँदैथ्यो । उहाँबाट अभिभावकीय दायित्व पूरा भएन,' जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भने । उनले नागरिकलाई राज्य विहीन बनाउने षड्यन्त्र बढेको हुँदा आफूहरु नागरिकता दिलाउन प्रयत्नरत रहने बताएका छन् । २०७५ साउन २२ बाट संसद् सचिवालयमा दर्ता भएको

– बाँकी पृष्ठ २ मा

JOB VACANCY
We are hiring a following candidates to support our recruiting and sourcing team to place qualified candidates faster.
Receptionist : 2 (Female)
Salary: Rs. 15,000+
PRO : 2 (Male/Female)
Salary: Rs. 20,000 to 35000
International Marketing : 2 (Male/Female)
Salary: Rs. 1,00,000+
Min. 5 years experience in related field.
Please send your CV: destinyhrgroup2079@gmail.com
DESTINY HR GROUP PVT. LTD.
Pingalasthan, Gaushala-09, Kathmandu
Tel.: 01-5913085, 01-5914085, 9851164801
www.destinyhrgroup.com.np

**वैदेशिक रोजगार विशेष**

## मलेसिया पठाउन तीन लाखसम्म उठाइएको गुनासो आएपछि

# मन्त्रालयले बोलायो व्यवसायीहरुलाई



**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले मलेसियाको रोजगारीमा विकृति र विसंगति धेरै देखिएको भन्दै त्यसलाई रोक्न वैदेशिक रोजगार व्यावसायीलाई आग्रह गरेका छन् ।

पछिल्लो समय वैदेशिक रोजगारीमा जाने नेपालीहरु ठगिने र सम्झौता अनुसारको काम नपाउने गुनासो बढ्न थालेको र मलेसिया जाने कामदारहरुबाट श्रम सम्झौताको प्रावधान विपरीत रकम उठाउने गरिएको भन्दै मन्त्री कुँवरले त्यस्तो गुनासो नआउने गरी व्यवस्थापन गर्न व्यवसायीहरुलाई आग्रह गरेका हुन् ।

सरकारले २०७५ कात्तिक १२ गते मलेसियामा फ्रि भिसा फ्रि टिकटमा नेपाली श्रमिकलाई पठाउने गरी श्रम सम्झौता गरेको थियो । तर अहिलेसम्म त्यसको प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेको गुनासो छ ।

पछिल्लो पटक रोजगारीका लागि मलेसिया खुलेको गत मे महिनादेखि गत महिनासम्म १ हजार बढी कामदार पठाउने ३१ वटा म्यानपावर व्यवसायीका सञ्चालकहरुसँग मंगलबार मन्त्रालयमा भएको छलफलमा मन्त्री कुँवरले मलेसियासहितको वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन सबै मिलेर जानुको विकल्प नभएको बताए ।

मलेसियसँग यसअघि सन् २०१८ मा भएको श्रम सम्झौतामा इम्प्लोइमेन्ट पे मोडल अन्तर्गत फ्रि भिसा फ्रि टिकटमा नेपाली कामदार जान पाउनुपर्ने भएपनि विभिन्न शीर्षकमा उनीहरुबाट चर्को रकम असुलेका खबर बाहिर आइरहेको भन्दै त्यसको जिम्मेवारीबाट म्यानपावर व्यवसायी पञ्छिन नसक्ने मन्त्री

– बाँकी पृष्ठ २ मा

### मलेसियामा छ महिनामा एक हजारभन्दा बढी कामदार पठाउने म्यानपावरहरु

१. इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.
२. वाइड स्पेश इन्टरनेशनल प्रा.लि.
३. मेरिडियन ओभरसिज प्रा.लि.
४. मोन्टेज ओभरसिज प्रा.लि.
५. लाइफ इन्टरनेशनल ओभरसिज प्रा.लि.
६. पाल्ही ओभरसिज प्रा.लि.
७. फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.
८. एक्सेस पार्टनर्स प्रा.लि.
९. स्काइवेज ब्यूरो सर्भिसेस प्रा.लि.
१०. मास ह्युमन रिसोर्सेस प्रा.लि.
११. लाल धनुष इन्टरनेशनल सर्भिस प्रा.लि.
१२. दित्य इन्टरनेशनल प्रा.लि.
१३. बि.एस. ओभरसिज प्रा.लि.
१४. कन्काइ रिक्रुटमेन्ट सप्लायर्स प्रा.लि.
१५. काबेली ह्युमन रिसोर्सेस प्रा.लि.
१६. ट्रस्ट नेपाल ओभरसिज प्रा.लि.
१७. सदिक्षा ओभरसिज प्रा.लि.
१८. प्यारामाउन्ट इम्प्लोइमेन्ट कन्सल्टेन्सी प्रा.लि.
१९. कोशी इन्टरनेशनल सर्भिसेस प्रा.लि.
२०. बज्र ह्युमन रिसोर्सेस प्रा.लि.
२१. वीन रिक्रुटमेन्ट प्रा.लि.
२२. स्वीफ्ट एचआर सोलुसन प्रा.लि.
२३. डी. प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि.
२४. मुस्कान ओभरसिज प्रा.लि.
२५. मिनवा रिक्रुटमेन्ट एचआर प्रा.लि. (इस्मान म्यानपावर प्रा.लि.)
२६. दि रिभर ओभरसिज प्रा.लि.
२७. संयोग ओभरसिज प्रा.लि.
२८. आकर्षण इन्टरनेशनल प्रा.लि.
२९. रिलेसन इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.
३०. देवान कन्सल्टेन्सी प्रा.लि.
३१. ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
१४ मंसिर २०७९, बुधबार
30 November 2022, Wednesday

# पत्रकार राईको मुद्दा काउन्सिललाई जिम्मा दिन आग्रह

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले पत्रकार गजेन्द्र राईविरुद्धको मुद्दा प्रेस काउन्सिललाई जिम्मा दिन आग्रह गरेका छन्। नेपाल प्रहरीले चलाएको कारबाही कानून विपरीत भएको भन्दै काउन्सिलको क्षेत्र अधिकारको मुद्दा आफूहरुलाई दिन आग्रह गरेका हुन्।




मंगलबार सरकारी वकिलको कार्यालय बबरमहलमा पुगेर सहन्यायधिवक्ता अच्यूतकृष्ण न्यौपानेलाई भेट्दै काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेत, सदस्य दिपक पाण्डे तथा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, महासचिव रोशन पुरीलगायतले यस्तो आग्रह गरेका हुन्। भेटमा उनीहरुले पत्रकार राईको मिडिया आधिकारिक रुपमा प्रेस काउन्सिलमा दर्ता भएर सञ्चालनमा रहेको तथ्य राख्दै आधिकारिक ढंगबाट सञ्चालित मिडियामा आएको सामग्रीलाई लिएर प्रहरीले कारबाही अघि बढाउनु उचित नभएको बताएका हुन्। 'मिडियामा आएको कन्टेन्टको विषयमा चित्त नबुझेमा त्यसविरुद्धको समाधान खोज्ने बाटो प्रेस काउन्सिल हो,' भेटमा काउन्सिल अध्यक्ष बस्नेतले भने, 'काउन्सिलले गरेको कारबाही चित्त नबुझे अदालती प्रक्रियामा जाने वा अन्य निकायमा जाने बाटो खुला छ। तर यस्तो कानूनी व्यवस्था विपरीत साइबर क्राइम अन्तर्गतको कानून लगाएर पत्रकारहरुलाई तर्साउन खोजिराखिएको छ। यस्तो हुनु राम्रो हैन।'

भेटमा पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले पछिल्लो पटक साइबर क्राइम अन्तर्गतको कानून लगाएर पत्रकारहरुलाई पक्राउ गर्ने क्रम बढिरहेकोमा चिन्ता व्यक्त गर्दै यसले देशको लोकतान्त्रिक व्यवस्था र प्रेस स्वतन्त्रतामाथि नै आघात पुग्ने बताए। महासंघका महासचिव रोशन पुरीले पत्रकार राईको विषयमा प्रहरी संगठनभित्रैका एक अधिकृतको व्यक्तिगत रीसइवि पनि जोडिएको जानकारीमा आएको उल्लेख गर्दै एक जना व्यक्तिको कारण सिंगो संगठनलाई बद्नाम गराउनेगरी प्रहरी लाग्न नहुने बताए।

पत्रकार राईलाई उनले सञ्चालन गरेको अनलाइन पत्रिकामा प्रकाशित भएको समाचार र भिडियोको विषयलाई लिएर शुक्रबार प्रहरीको साइबर ब्युरोले गाईघाटबाट पक्राउ गरेको छ। हाल उनलाई साइबर ब्युरोले दरबारमार्ग प्रहरी कार्यलयको हिरासतमा राखेको छ। पत्रकार राईको रिहाइको माग गर्दै नेपाल पत्रकार महासंघ, आदिवासी जनजाति पत्रकार महासंघ, किरात राई पत्रकार संघलगायतले विज्ञप्ति जारी गरेका छन्।

# रसायन मिसावट गरिएको औषधि प्रयोग नगर्न विभागको आग्रह

**काठमाडौं/मस-**
औषधि व्यवस्था विभागले बालबालिकाको लागि प्रयोग गरिने औषधिमा इनाथाइल ग्लाइकोल र डाइइथानाइल ग्लाइकोल रसायन मिसावट नभएको मात्र बिक्री वितरण गर्न आग्रह गरेको छ। बालबालिकामा प्रयोग हुने कतिपय झोल औषधिमा यी दुई विषाक्त रसायन मिसिएको हुनसक्ने भन्दै विभागका वरिष्ठ औषधि व्यवस्थापक सन्तोष केसीले सचेत रहन आग्रह गरेका हुन्।




जाम्बिया तथा इन्डोनेसियालगायत देशमा इनाथाइल ग्लाइकोल र डाइइथानाइल ग्लाइकोल रसायन मिसिएको औषधि बालबालिकामा प्रयोग गर्दा उनीहरूको मिर्गौलामा गम्भीर असर परी मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनमा समेत उल्लेख गरिएको विभागले जनाएको छ। विज्ञप्तिमा विभागले ती दुवै रसायन मिसिएका औषधि भारतको माइडेन फर्मास्युटिकल्स लिमिडेट हरियानाबाट उत्पादन गरिएको प्रोमेथाजिन ओरल सलुसन, कोफेक्सामाइलिन बेबी कफ सिरफ, म्याकअफ वेवी कफ सिरफ र मागरिप एन कोल्ड सिरफ उत्पादन भइरहेको र ती उत्पादन गरिएका औषधि नेपालमा दर्ता नभएको समेत विज्ञप्तिमा विभागले स्पष्ट पारेको छ।

विभागले औषधि उत्पादक कम्पनीलाई प्रोपलाइन ग्लाइकोल, पोलिथिनल्याइन ग्लाइकोल, सोरविटोल र ग्लासिरिन/ग्लासिरोलजस्ता सहायक कच्चा पदार्थ प्रयोग भई नेपालमा उत्पादन तथा पैठारी हुने विशेष गरी झोल बनावटका औषधिमा इनाथाइल ग्लाइकोल र डाइइथानाइल ग्लाइकोल रसायनको मिसावट नभएको भनी यकिन गरी मात्र झोल औषधि बिक्री वितरण गर्न आग्रह गरेको छ।

# प्रतिस्पर्धाका आधारमा सौर्य ऊर्जा खरिद गर्दै प्राधिकरण

**काठमाडौं/मस-** नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धाका आधारमा एक सय मेगावाट बराबरको सौर्य ऊर्जा खरिद गर्ने भएको छ।



ऊर्जा मिश्रणको अवधारणा अगाडि बढाएको प्राधिकरणले यसअघिको प्रबन्धमा केही संशोधन गरी अब प्रतिस्पर्धाका आधारमा मात्रै सौर्य ऊर्जा खरिद गर्ने तयारी गरेको हो।

प्राधिकरणले एक सूचनामार्फत् प्रतिस्पर्धामा सहभागी हुन व्यवसायीलाई आग्रह गरेको छ। प्राधिकरणले सोमबार प्रकाशित गरेको सूचनाअनुसार कम्पनीका आवेदन आगामी फागुन १४ गते खोलिनेछ। हाल प्राधिकरणले प्रतियुनिट सात रुपैयाँ ३० पैसामा सौर्य बिजुली खरिद गर्दै आएको छ।

प्रस्तावित व्यवस्था अनुसार अब प्राधिकरणले प्रतियुनिट पाँच रुपैयाँ ९४ पैसामा खरिद गर्नेछ। यो अधिकतम महसुल दर हो। प्राधिकरणका कार्यकारी अधिकृत कुलमान घिसिङका अनुसार खुल्ला प्रतिस्पर्धाका आधारमा सौर्य ऊर्जा खरिद गर्न लागिएको हो।

हिउँदमा नदीमा जलसतह घट्ने र उत्पादन कम हुने भएकाले त्यसको विकल्पमा सरकारले ऊर्जा मिश्रणको अवधारणा अगाडि बढाएको भए पनि प्रभावकारी काम हुनसकेको छैन।

सौर्य ऊर्जामा लगानीकर्तालाई आर्कषित गर्ने लक्ष्यका साथ प्रतिस्पर्धाका माध्यमबाट खरिद गर्न लागिएको हो। विद्युत् विकास विभागका लागि हालसम्म कूल ४४ सौर्य परियोजनाले सर्वेक्षणको अनुमति लिएका छन्। ती आयोजनाको क्षमता एक हजार दुई सय ३९ मेगावाट छन्।

त्यस्तै, कूल २१ परियोजनाले निर्माणका लागि अनुमति लिएका छन्। ती आयोजनाको क्षमता एक सय ३३ मेगावाट छन्।

त्यस्तै, १३ परियोजनाले सर्वेक्षणको आवेदन दिएका छन्। ती आयोजनाको क्षमता एक सय ३२ मेगावाट छ। निर्माणका लागि अनुमति माग्दै आवेदन दिएका आयोजनाको संख्या तीन छ। ती आयोजनाको क्षमता १५ मेगावाट छ।

हाल निजी क्षेत्रका विभिन्न पाँच परियोजनाबाट कूल २४ मेगावाट बिजुली उत्पादन भइरहेको छ। प्राधिकरणले नुवाकोटमा निर्माण गरेको २५ मेगावाट क्षमताको सौर्य परियोजना सञ्चालनमा छ।

## विकराल...

उक्त विधेयक साउन २८ गते प्रतिनिधिसभामा प्रस्तुत भएको थियो। २९ साउनमा सामान्य छलफल भई २०७५ भदौ ५ गते राज्य व्यवस्था समितिमा पुगेको थियो। तर, समितिमा वैवाहिक अंगीकृतलाई कति वर्षमा नागरिकता दिने भन्ने विषय पेचिलो बन्दै गएपछि उक्त विषय टुंग्याउन उपसमितिसमेत गठन भएको थियो। उपसमितिले २०७६ भदौ १० मा प्रतिवेदन बुझाउँदा विवादको मुख्य विषय टुंगो लगाउन नसकेपछि उक्त विषय झनै पेचिलो बन्दै गएको हो। तत्पश्चात्, सत्तागठबन्धनले यथावत् स्थितीमै विधेयक पारित गर्ने तयारी गरेर बहुमतले पारित गरि प्रमाणीकरणका लागि पठाएको थियो। तर, राष्ट्रपति विद्यादेवी भण्डारीले संसदबाट बहुमतले पारित भएको नागरिकता विधेयकमा कानुनी सुधार आवश्यक रहेको भन्दै प्रमाणीकरण नगरी गत साउन १५ गते संसदमै फिर्ता पठाएकी थिईन्। राजनीतिक खिचातानीले विधेयक अलमलमा परेपछि नागरिकहरु राज्यविहीन बनेको गुनासो गर्न थालेका छन्। तरपनि, दलका नेता र सरोकारवाला निकाय नागरिकको समस्या समाधानमा लाग्न सकेका छैनन्।

## मलेसिया...

कुँवरको भनाइ थियो। फ्रि भिसा फ्रि टिकटमा नेपाली कामदार मलेसियामा जान पाउनुपर्ने विषय हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा पनि गम्भीररुपमा उठेको थियो। मन्त्री कुँवरले प्रतिनिधित्व गर्ने दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले रौतहटमा आयोजित एक चुनावी सभामा 'बिना ढेउवा फ्रि भिसा फ्रि टिकट मिलते' भनेर दिएको भाषण चर्चामा थियो। उक्त भाषण हालपनि सामाजिक सञ्जालहरुमा ट्रोल भइरहेको छ।

मन्त्री कुँवरले सरकारले फ्रि भिसा फ्रि टिकटमा कामदार पठाउन श्रम सम्झौता गरेको र नीति नियम बनाएको तर विपन्न अवस्थामा रहेका कामदार मलेसिया जान लाखौं रुपैयाँ तिर्न बाध्य भएकोले त्यसलाई तत्काल रोक्नुपर्ने भनाइ राखेका छन्। मन्त्री कुँवरले रकम असुलीको विषयमा कडाइका साथ अनुगमन गरिने भन्दै व्यवसायीले त्यसमा विशेष ध्यान दिन जरुरी रहेको बताएको मन्त्री कुँवरको निजी सचिवालयले जनाएको छ।

वैदेशिक रोजगारीमा भइरहेको विकृतिलाई न्यूनीकरण गरी मर्यादित रोजगारी बनाउनका लागि सरकारको तर्फबाट ऐन कानून तथा नीति नियम संशोधन गरी नियमित अनुगमनको पक्षलाई बलियो र प्रभावकारी बनाउने विषयमा मन्त्रालय र वैदेशिक रोजगार विभाग सधैं तयार रहेको पनि मन्त्री कुँवरले व्यवसायीहरुलाई बताए। वैदेशिक रोजगार व्यवसायीहरु राज्यको महत्वपूर्ण हिस्सा भएकाले भन्दै व्यवसायीका मागलाई सम्बोधन गर्न सरकार बाधक नभएकोले आफ्ना समस्या र त्यसको समाधानका विषय प्रष्टसँग राख्नसमेत मन्त्री कुँवरले व्यवसायीलाई आग्रह गरेका थिए।

मन्त्री कुँवरले वैदेशिक रोजगारीका नाममा ठगी गर्ने व्यक्ति र संस्थाहरुविरुद्ध कडा कारबाही गर्ने र जस्तोसुकै दबाब आएपनि त्यसबाट सरकार पछि नहट्ने भन्दै वैदेशिक रोजगारीमा जाने नेपाली कामदारलाई ठगीरहित रोजगारी प्रत्याभूत गर्न सरकार क्रियाशील रहेको समेत उल्लेख गरेका छन्।

छलफल कार्यक्रममा मन्त्रालयका सचिव एक नारायण अर्यालले पछिल्लो समय मलेसियामा कामदार ठगिने समस्या धेरै आएकाले यसलाई व्यवस्थापन गर्नका लागि व्यवसायीलाई आग्रह गर्दै मलेसियाको रोजगारीलाई व्यवस्थित बनाउन सबै मिलेर अगाडि बढ्नु पर्ने धारणा राखेका छन्। मलेसियामा सहजरुपमा कामदार पठाउने विषयमा वैदेशिक रोजगार ऐनमा भएका अप्ठ्यारा व्यवस्थालाई संशोधन गर्नसमेत मन्त्रालय तयार रहेको सचिव अर्यालले जानकारी गराए।

वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्यले मलेसियाका लागि ३ लाखसम्म लिइएको उजुरी आएको, बेसिक तलवसम्म नपाएको, एउटा काम र कम्पनी भनेर आर्को काम र कम्पनीमा पठाएको जस्ता उदुरी आएको भन्दै विभागमा आउने गरेका उजुरी र म्यानपावर कम्पनीको जिम्मेवारीबारे जानकारी गराएका थिए।

छलफलमा व्यवसायीका तर्फबाट नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सह-संयोजक प्रेम कटुवालले व्यवसायीहरु मर्यादित वैदेशिक रोजगारको पक्षमा निरन्तर क्रियाशील रहेकोले नीतिगत प्राविधिक समस्याले अपेक्षित परिणाम देखिन नसकेको जानकारी गराए।

संयोजक कटुवालले मलेसियामा फ्रि भिसा फ्रि टिकटमा जाने कामदारको सम्झौता अनुसारको काम र तलब नपाउने र मेडिकलको समस्या धेरै आउने भएकाले यसको समाधान हुनुपर्ने माग गरे। मलेसियाको वैदेशिक रोजगारमा कामदार पठाउँदा व्यवसायीले पाउने सेवा शुल्कको सुनिश्चितता हुन नसकेको भन्दै सह-संयोजक कटुवालले मन्त्रालयले समस्याको नीतिगत र प्राविधिक पक्षको अध्ययन गरेर सोही अनुसारको समाधान दिनुपर्ने माग राखेको मध्यान्हलाई बताए।

उनले भने, 'मन्त्रालयले समस्याको नीतिगत र प्राविधिक समाधान हुने व्यवस्था गरे संघले व्यवसायीलाई विशेष सर्कुलर गरेर समस्या र गुनासो नआउने गरी त्यसको अक्षरसः पालना र कार्यान्वयन गराउन प्रतिवद्ध रहेको जानकारी गराएको छु।'

छलफलमा केही व्यवसायीले मलेसियाबाट नेपाली कामदारको माग ल्याउने बेला नै कतिपय अवस्थामा रकम तिर्नुपर्ने अवस्थाले कामदारबाट बाध्यतावश रकम लिनुपर्ने अवस्थाका बारेमा मन्त्री कुँवर, सचिव अर्याल तथा महानिर्देशक आचार्यको ध्यानाकर्षण गराएका थिए। छलफलमा सह-संयोजक कटुवालसहित संघ कार्यसमिति सदस्यहरु रघु पुरी, वाईबि राई, प्रज्ञान न्यौपाने, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका अध्यक्ष सन्त कुमार लामा लगायतका व्यवसायीहरु सहभागी थिए।

# पशुपालक किसानलाई आधुनिकताले छोएन

**ढोरपाटन/रासस-** पश्चिम बागलुङको निसीखोला गाउँपालिका-५ र ६ का स्थानीयको मुख्य पेसा नै पशुपालन हो। पर्याप्त चरन क्षेत्र भएको हुँदा यहाँका स्थानीयवासीले वर्षौंदेखि परम्परागत शैलीमा पशुपालन गर्दै आएका छन्। उनीहरुले अन्य पेसालाई प्राथमिकता दिँदैनन्। यस क्षेत्रमा पशुचौपाया नपालेको कोही हुँदैन।



एक परिवारले चारवटादेखि एक हजार पाँच सयसम्म पशु पाल्ने गर्छन्। एकै ठाउँमा बसेर पशुपालनमा समस्या हुने हुँदा स्थानीयहरू हिउँद बर्खा लेकबेँसी गर्ने गर्छन्। पशुपालनमा आधुनिक प्रविधि भित्रिए पनि यहाँका स्थानीयलाई भने त्यो प्रविधिले छुन सकेको छैन। उनीहरु परम्परागत शैलीमै पशुपालन गर्दै आएका छन्।

स्थानीय वेदबहादुर घर्तीमगर बाउबाजेले गर्दै आएको पेसा आफूहरूले अँगाल्दै आएको बताउँछन्। उनले भने, 'नयाँ प्रविधि आयो भन्छन्, बाख्रालाई राम्रो खोर बनाएर राख्नुपर्छ भन्छन्, सुई लगाउनुपर्छ, भेडाबाख्रा निरोगी हुन्छ भन्छन् तर हामी त त्यस्तो केही गर्दैनौं, हाम्लाई त हिउँद लागे बेँसी झर्न ठिक्क हुन्छ बर्खा लागे लेक जान।' उनले १८ भैंसी र एक सय ५५ वटा भेडाबाख्रा पाल्दै आएको बताए। उनले यसरी पशुपालन गर्दै आएको ४२ वर्ष भयो। आफू नौ वर्षको उमेरदेखि गाईभैंसी र भेँडाबाख्रा चराउन थालेको बताउने किसान घर्तीमगरले अहिलेसम्म आफ्ना पशुचौपायालाई कुनै औषधि नखुवाएको बताए। उनी अहिले ५१ वर्ष भए।

'बाउआमाले गोठमै काम सिकाए, गाईभैंसी, भेडाबाख्राको गोठालो गर्न सिकियो, पढ्न पाइएन त्यही भएर अहिलेसम्म यिनै पशुहरूको हेरचार गर्नुपरेको छ', उनले भने, 'मैले गाईभैंसी हेर्न थालेको ४२-४३ वर्ष भयो, अहिलेसम्म अस्पतालबाट औषधि ल्याएर खुवाएको छैन, वनमा चर्ने भएको हुँदा जडीबुटी खान्छन्, बिरामी परे पनि आफैं निको हुन्छन्।' स्थानीय ७४ वर्षीय चिरबहादुर बुढामगरले पनि सानैदेखि भेडाबाख्रा र गाईभैंसीपालन गर्दै आएको छ। उनी आफ्ना पुर्खाले यही पेसा गर्दै आएको हुँदा आफूले पनि पशुपालनलाई अँगाल्दै आएको बताउँछन्।

उनले पशुपालनसम्बन्धी कुनै पनि तालिम परामर्श लिनुभएको छैन, तर पनि यो व्यवसायले उहाँलाई सन्तुष्टि दिएको छ। परम्परागत प्राणालीबाट पशुपालन गर्दै आएका बुढामगरलाई आधुनिक प्रविधिबारे केही ज्ञान छैन। गाईभैंसी तथा भेडाबाख्रा बिरामी परे उहाँ आफैं ओखतीमुलो गर्छन्। अहिले उनको गोठमा दुई सय भेडाबाख्रा र २० वटाभन्दा बढी भैंसी छन्। आफूहरूले उच्च पहाडी क्षेत्रमा चरिचरन गर्दा पशुचौपायाले औषधियुक्त जडीबुटी खाने गर्दा धेरै बिरामी नहुने बताउँछन्।

स्थानीय थुमीकला सुनारले बाघले पशुचौपायाले बाखाका पाठापाठी मार्ने गरेको गुनासो गरिन। सरकारले बाघ र वन्यजन्तुबाट पशुपालक कृषकका लागि सहयोग गर्नुपर्ने बताउँछिन्।

पशुपालक कृषक विषेशगरी दुई सिजनमा भेडाबाखा बेच्न बजारतिर झर्छन् भने अधिकांश समय गोठमै बस्छन्। पछिल्लो समय मान्छे गोठमै पनि भेडाबाख्रा खरिद गर्न जाने गरेको थुमीकला बताउँछिन्। अर्का पशुपालक तुलबहादुर बुढामगर अहिलेसम्म भेडाबाख्रालाई खोरमा नबाँधेको बताउँछन्। उनीहरूजस्ता निसीखोलामा सयौं पशुपालक छन्। तर उनीहरू अझै पनि नयाँ प्रविधि र ज्ञानबाट दूरमा रहेका छन्। गाउँपालिकाले यस्ता कृषकलाई नयाँ प्रविधिसँग जोड्न सके सिङ्गो निसीखोलालाई मासुमा आत्मनिर्भर बनाउन सकिने थियो।

# अझै किसानले मल पाएनन्

**कैलाली/रासस-** कैलालीको टीकापुर नगरपालिका-६ का रामकृष्ण चौधरी एकाबिहानै सहकारी संस्थाको कार्यालय अगाडि लाइनमा बसेका थिए। हिउँदे खेतीको समय भएका कारण सहजरूपमा रासायनिक मल नपाउँदा उनी मलका लागि लाइनम बसेका हुन्। किसान मल पाइन्छ कि भनेर लाइनमा हुँदा सहकारीको कार्यालय भने बन्द थियो। 'खेती लगाउने समयमा सबैभन्दा बढी पीडा मलको हुन्छ। सहजरूपमा मल नपाउँदा समयमा खेती गर्न सकिएको छैन', उनले भने, 'बजारमा मल पाइँदैन। सहकारीहरूले पनि आफ्ना सेयर सदस्यलाई मात्रै मल उपलब्ध गराउँछन्। मल नहालेर उब्जनी हुँदैन।' सोही ठाउँका लक्ष्मण चौधरीले खेत जोतेर छाड्नुभएको छ। उनी मल नपाएपछि गहुँ छर्ने काम हुन नसकेको बताउछन्।



'खेत जोतेको हप्ता दिनभन्दा बढी भइसक्यो। मल नपाएर गहुँ छर्न पाएको छैन', उनले भने, 'बर्सेनिको समस्या मल अभावको कहिल्यै समाधान हुन सकेन। यस्तो भए खेती गर्ने जाँगर पनि लाग्दैन।' भजनी नगरपालिका-६ का सुरेश कठरिया खेतीपाती सकेर कमाउनका लागि बाहिर जाने तयारीमा छन्। हिउँदे खेती लगाइसकेपछि चार-पाँच महिना घरमा खाली बस्नुपर्ने भन्दै त्यो समयमा ज्याला मजदुरी गरेर घरको अन्य खर्च टार्नका लागि कमाउन जाने तयारीमा रहेका सुरेशलाई मल नपाउँदा समस्या भएको छ। उनले १५ बिघा क्षेत्रफलमा खेती गर्दै आएकामा जसोतसो पाँच बिघामात्रै गहुँ छर्न सफल भएको बताए।

'समयमै मल पाएएको भए सबै खेतमा गहुँ छरिसकिन्थ्यो। मल नहालेर गहुँ छरेभन्दा नछरेजस्तै हो', उनले भने, 'मल नपाउँदा यता खेती पनि सयममा लगाउन सकिएन भने उता कमाउन जाने भनेको ठाउँमा पनि जान सकिएको छैन।' भजनीका गणेश साउदको समस्या पनि उस्तै छ। उनले हिउँदे बाली लगाइसके, तर निकै मेहेनत गरेर। स्थानीय बजारमा रासायनिक मल नपाएपछि निकै कष्टका साथ छिमेकी बजार भारतबाट मल ल्याएर खेती लगाउनुपरेको उनको भनाइ छ।

'स्थानीय बजारमा मल पाइएन। मल भएका सहकारीले हामीलाई मल दिएन', उनले भने, 'नभन्नुपर्ने कुरा हो तर लुकीचोरी भारतबाट मल ल्याएर खेती लगाउनुपर्ने बाध्यता भयो।' स्थानीय बजारमा रासायनिक मलको चरम अभाव छ। मल खरिदका लागि अख्तियारी पाएका सहकारीले माग भएअनुसारको मल खरिद गर्न पाएका छैनन्। मुख्य आपूर्तिकर्ताको रूपमा रहेका कृषि सहकारीमा दैनिक किसान सहकारी धाउने गरेका छन्।

बर्दियाको राजापुरका भीमबहादुर चौधरी मल पाइन्छ भनेर कैलालीको जानकी गाउँपालिका-४ मा रहेको बिजवृद्धि कृषक सहकारी संस्थामा पुगे। सहकारीमा मल नपाएपछि उहाँ रित्तो हात फर्किनुपरेको बताउछन्। 'कताकता मल पाइन्छ भन्ने खबर सुनेपछि मलका लागि यहाँ आएका हौं, यता पनि मल रहेनछ', उनले भने, 'बर्दियामा मल नपाउँदा कैलाली पुगियो तर पनि मल पाइएन, अब खेती कसरी लगाउने ?'

बिजवृद्धि कृषक सहकारी संस्थाले बीउ उत्पादनको काम गर्छ भने रासायनिक मल खरिद बिक्रीको काम पनि गर्दै आएको छ। अन्य कृषि सहकारीको भन्दा बढी मात्रामा मल बिक्री गर्दै आएको सहकारीले पनि माग भएबमोजिम मल नपाउँदा किसानलाई रित्तै फर्काउनुपरेको बताएको छ। सहकारीका व्यवस्थापन गोविन्दराज रावतले बिजवृद्धिका लागि बीउ उत्पादन गर्ने किसानलाई नै मल पुऱ्याउन नसकिएको बताए। 'मलको निकै अभाव छ, त्यसमा पनि डिएपी मल पाइँदैन', उनले भने, 'मल नपाएका कारण खेती गर्ने समय बित्दै गएको छ। किसान मलको खोजीमा दौडधुप गर्दैछन्।'

टीकापुर नगरपालिका-८ मा रहेको धनसिंहपुर कृषि सहकारी संस्थाले पनि किसानको माग अत्यधिक भएका कारण मलको आपूर्ति गर्न नसकेको जनाएको छ। संस्थाका अध्यक्ष धनसिंह साउदले भने, 'मल विक्रेता डिपोले ५०-६० कट्टा मल दिन्छ। एउटै किसानलाई १०-१२ कट्टा मल चाहिएको हुन्छ। कसरी पुऱ्याउन सकिन्छ यस्तो अवस्थामा ?'

# एकै समारोहमा २६ जोडीको विवाह

**जनकपुरधाम/मस–** जनकपुरधाममा एकै समारोहमा २६ जोडीको विवाह सम्पन्न भएको छ । जनकपुरधामलाई वैवाहिक गन्तव्यका रुपमा विकास र प्रचारप्रसार गर्न विवाह पञ्चमीको अवसरमा विश्व हिन्दू परिषद् नेपालले प्रत्येक वर्ष आयोजना गर्ने सामूहिक विवाह समारोहमा यस वर्ष पनि २६ युवायुवतीको जोडीको विवाह एउटै समारोह र मण्डपमा भएका छन् ।

विवाह पञ्चमीमा भगवान श्री सीतारामको विवाह भएकै मण्डपमा उनीहरुको विवाह हुने गरेको छ । विगत चार वर्षदेखि भइरहेको सामूहिक विवाहको उद्देश्य जनकपुरधामलाई विश्वकै उत्कृष्ट वैवाहिक गन्तव्यको रुपमा पर्यटनको विकास गर्नु र दहेज(दाइजो) उन्मूलनको सन्देश प्रवाह गर्नु रहेको आयोजकको भनाइ छ । जनकपुरधामको हुनेखाने स्थानीयसँग सहयोग सङ्कलन गरी मिथिलाको विवाहमा बेहुलीलाई उपहारस्वरुप दिइने मङ्गलसुत्र, बिछ्याओन, लत्ताकपडासहितको व्यवस्थापन आयोजकले गर्दै आएको छ । यसले गरिब र विपन्नको पनि विवाह धार्मिक, सामाजिक र प्रतिष्ठितरुपमा हुने आयोजकको भनाइ छ । विवाहका लागि योग्य उमेर पुगेकालाई विवाह गराइने यस कार्यक्रमले सामाजिक भाइचारा विकास हुने बताइएको छ ।



यसैबीच श्रीराम जानकी विवाह पञ्चमी महामहोत्सव सम्पन्न भएको छ । महामहोत्सवको अन्तिम दिन मंगलबार रामकलेवा विधि गरिएसँगै यस वर्षको विवाह पञ्चमी सम्पन्न भएको हो । जानकी मन्दिर परिसरमा भएको भण्डारामा भारतबाट जन्तीका रूपमा आएका साधुसन्तलाई पकवान खुवाएर रामकलेवा मनाइयो ।

महोत्सवको अन्तिम दिन रामकलेवामा जानकी मन्दिरमा विशेष भोजको आयोजना गर्ने परम्परा रहीआएको छ । भोजनपश्चात साधुसन्तलाई दक्षिणा दिएर विधिवत् बिदा गर्ने गरिन्छ । बिदाइका क्रममा मिथिला परम्पराअनुसार चादर, कम्बल र दक्षिणा प्रदान गर्दै बिदाइ गरिएको छ । विवाह पञ्चमीमा विवाह भएको जोडीहरूलाई जानकी मन्दिरको प्राङ्गणमा राखी उनीहरूले एक अर्का पक्षलाई गाली गर्दै ठट्यौली गर्ने परम्परा रहेको छ ।

साधु-सन्तले जनकपुरधाममा भएको सेवा सत्कारबाट आफूहरू हर्षित भएको बताएका छन् । सप्ताहव्यापी विवाह पञ्चमीअन्तर्गत रामकलेवा (बिदाइ) सँगै विवाह पञ्चमी महोत्सव सम्पन्न हुने गर्दछ । यसअघि, सोमबार राम र सीताको विवाह सम्पन्न भएको थियो । त्रेतायुगमा मार्ग शीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको विवाह भएको सम्झनामा राम र सीताको प्रतिकको विवाह गरिएको हो ।

# सुनसरी ३ मा चौधरी विजयी

**काठमाडौं/मस–** सुनसरी क्षेत्र नम्बर ३ मा नेकपा एमालेकी भगवती चौधरी विजयी भएकी छिन् । मंगलबार साँझ सार्वजनिक भएको अन्तिम मतपरिणाम अनुसार चौधरीले ४० हजार सात सय ८८ मत ल्याएर विजयी बनेकी हुन् । उनले नेपाली कांग्रेसका विजयकुमार गच्छदारलाई पाँच हजार एक सय ८८ मतान्तरले पराजित गरेकी हुन् । कांग्रेसका गच्छदारले ३५ हजार छ सय मत प्राप्त गरेका थिए ।



त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार कमलबाबु मैनालीले छ हजार चार सय ५३ मत प्राप्त गरेका छन् ।

२०४८ सालदेखि निरन्तर निर्वाचित हुँदै आएका कांग्रेसका गच्छदारको संसदीय यात्रामा पहिलोपटक 'ब्रेक' लागेको छ । त्यसैगरी सुनसरीको निर्वाचन क्षेत्र नम्बर ३ को प्रदेशसभा (ख) मा एमालेका रामदेव यादव निर्वाचित बनेका छन् । उनले निकटतम् प्रतिस्पर्धी कांग्रेसका विन्देश्वर यादवलाई पाँच सय ८८ मतान्तरले पराजित गरेका हुन् । रामदेवले १९ हजार चार सय ७९ मत प्राप्त गरेका छन् भने कांग्रेसका विन्देश्वरले १८ हजार आठ सय ९१ मत प्राप्त गरेका छन् ।

# पश्चिम नवलपरासीमा कम्युनिष्ट पार्टीको उपस्थिति शून्य


**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १३ मंसिर

मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा पश्चिम नवलपरासीबाट नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । जिल्लामा कम्युनिष्ट पार्टीको उपस्थिति शून्य देखिएको छ । दुई वटा निर्वाचन क्षेत्र रहेको जिल्लामा क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसका विनोद चौधरी र निर्वाचन क्षेत्र नम्बर २ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका ध्रुव बहादुर प्रधान निर्वाचित भए ।

यस्तै, प्रदेशसभा सदस्यका चार वटा निर्वाचन क्षेत्रहरु मध्ये २ (क) मा स्वतन्त्र उम्मेदवार खड्ग बस्नेत विजयी भएका छन् भने अन्य तीन वटा प्रदेशसभामा नेपाली कांग्रेसका उमेदवारहरु निर्वाचित बनेका छन् । जिल्ला निर्वाचन कार्यालयले दिएका जानकारी अनुसार निर्वाचन क्षेत्र नम्बर १ (क) मा विश्व प्रेम पाठक, निर्वाचन क्षेत्र नम्बर १ (ख) मा देवकरण प्रसाद कलवार निर्वाचित बनेका छन् । यस्तै, निर्वाचन क्षेत्र नम्बर २ (ख) मा पनि नेपाली कांग्रेसकै वैजनाथ कलवार निर्वाचत बनेका छन् । पूर्व-पश्चिम राजमार्ग क्षेत्रमा रहेको सुनवल र बर्दघाट नगरपालिकामा नेकपा एमालेको संगठन बलियो रहेको दाबी गरेपनि एमालेका उम्मेदवार विजयी बन्न सकेनन् ।

# मेलम्ची आसपासका बासिन्दालाई सतर्क रहन आग्रह

**काठमाडौं/मस–** मेलम्ची खानेपानी विकास समितिले मेलम्ची नदी किनारका स्थानीयलाई सतर्कता अपनाउन आग्रह गरेको छ । समितिले एक सूचना जारी गर्दै मेलम्चीको पानी पथान्तरणको कार्य सोमबारदेखि शुरु गरिएकाले उक्त पानी पथान्तरणका क्रममा मेलम्ची नदीमा पानीको बहाव घटबढ हुनसक्ने भएकाले सतर्क रहन सूचित गरेको हो ।



सुरुङ प्रवेश मार्गहरु सिन्धु, ग्यालथुम, अम्बाथानबाट जुनसुकै समयमा पनि पानी झर्न सक्ने भएकाले सावधानी अपनाउन आग्रह गरिएको छ । माछा मार्न, वस्तु भाउ चराउन, खेतीपाती गर्न तथा अन्य जुनसुकै काम गर्न जाँदा विशेष सावधानी अपनाउन सो सूचनामार्फत अनुरोध गरिएको छ । गत जेठको दोस्रो सातादेखि बन्द गरिएको मेलम्चीको पानी पथान्तरणको कार्य सोमबारदेखि पुनः शुरु गरिएको छ ।

# मुस्ताङबाट ५० करोडको स्याउ निकासी

**मुस्ताङ/मस–** मुस्ताङबाट यस वर्ष रु ५० करोड मूल्य बराबरको स्याउ निकासी भएको छ । मुस्ताङमा उत्पादन भएको छ हजार छ सय मेट्रिक टनमध्ये ७० प्रतिशत अथवा चार हजार छ सय २० मेट्रिक टन स्याउ निकासी भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । भदौमा प्रतिकिलो रु एक सयका दरले बिक्री भएको मुस्ताङको स्याउको मूल्य मंसिर पहिलो साता आइपुग्दा प्रतिकिलो रु एक सय २० देखि ३० भएको छ । सरदर प्रतिकिलो रु एक सय १० का दरले स्याउ बिक्री भएको कृषकले बताएका छन् । जसअनुसार निकासी भएको स्याउको मूल्य रु ५० करोड ८२ लाख हुन आउँछ । कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले गत वर्षको तुलनामा यसपालि १८.५६ प्रतिशतले स्याउ उत्पादन बढेको बताए ।




'बगैंचामा पुगेर क्रप कटिङ र सोधपुछ गर्दा उत्पादन बढेको पाइयो', उनले भने, 'अनुकूल मौसमले उत्पादकत्व, क्षेत्रफल र नयाँ बिरुवा थपिएकाले उत्पादन बढेको हो ।' कुल पाँच सय ८० हेक्टर जमिनमा लगाइएको स्याउ बोटले उत्पादन दिएको छ । मुस्ताङको पाँचवटै स्थानीय तहमा एक हजार चार सय ७५ हेक्टर जमिनमा स्याउखेती गरिएको छ । क्रप कटिङ सर्वेक्षण गर्दा जिल्लामा प्रतिहेक्टर ११.३७ मेट्रिक टन स्याउ उत्पादन हुने पाइएको प्रमुख बस्ताकोटीले बताए ।

यसैगरी मुस्ताङमा कुल स्याउ उत्पादनमध्ये यस वर्ष चार सय ४० मेट्रिक टन उच्च घनत्व प्रविधिमा आधारित स्याउको उत्पादन भएको छ । मुस्ताङमा ३८ हेक्टर जमिनमा उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती गरिएको छ । जसमध्ये २२ हेक्टरका बगैंचाले उत्पादन दिइरहेका छन् ।

यो स्याउ प्रतिहेक्टरमा लगाइएको बोटमा करिब २० टनसम्म उत्पादन हुने गरेको छ । नयाँ स्याउ बगैंचाका बोटबाट स्याउ उत्पादन सुरु हुन थालेको, किसानले बगैंचा व्यवस्थापनमा ध्यान दिन थालेको र स्याउका लागि अनुकूल मौसम भएकाले उत्पादनमा राम्रो भएको केन्द्रले जनाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृषि अधिकृत नेत्र भट्टले बेमौसममा बिक्री गर्नका लागि मुस्ताङका विभिन्न छवटा चिस्यान गृहमा करिब ७० मेट्रिक टन स्याउ भण्डारण गरेर राखिएको बताउनुभयो । फागुन-चैतको बेसिजनमा शीतभण्डारको स्याउ बजारमा पठाउँदा बढी मूल्य पार्न सकिने भएकाले भण्डारण गरेका हुन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले स्याउ जोन कार्यक्रमअन्तर्गत एक सय २५ वटा सहकारी/समूह/निजी फार्मका कार्यक्रम सञ्चालित छन् । कृषि केन्द्रले स्याउ विशेष कार्यक्रमका साथै स्याउ ब्लक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । मुस्ताङमा फलेकामध्ये ७० प्रतिशत स्याउ बाहिर निर्यात हुने गरेको छ भने बाँकी जिल्लामै खपत हुने गर्छ । बर्सेनि व्यापारी स्याउ नपाक्दै खरिदका लागि आउने गर्छन् ।

# बाँकेमा ६४ हजार मत बदर



बाँके/मस- यही मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा बाँकेबाट मात्रै ६४ हजार एक सय ३८ मत बदर भएको पाइएको छ । बदर मतमध्ये प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ १५ हजार दुई सय २१, प्रदेशसभा सदस्य निर्वाचनको प्रत्यक्ष निर्वाचन प्रणालीको १२ हजार एक सय ५६, प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ १६ हजार दुई सय ७० र प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीको २० हजार चार सय ९१ मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

बाँकेको निर्वाचन क्षेत्र नं १ मा एक लाख २१ हजार एक सय मतदाता भएकामा खसेको मत ७५ हजार नौ सय ७४ थियो । खसेको सो मतमध्ये ७० हजार आठ सय ११ सदर भएको थियो भने पाँच हजार एक सय ६३ मत बदर भएको थियो । निर्वाचन क्षेत्र नं २ मा ९७ हजार आठ सय नौ मतदाता भएकामा ६७ हजार पाँच सय ११ मत खस्यो । खसेको मतमध्ये ६२ हजार ६ सय एक सदर भयो भने चार हजार नौ सय ५० बदर भएको हो ।

निर्वाचन क्षेत्र नं ३ मा एक लाख १३ हजार तीन सय २२ मतदाता भएकामा ७४ हजार एक सय ८२ मत खसेकामा ६९ हजार ७४ मत सदर भयो र पाँच हजार एक सय आठ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय बाँकेकी प्रमुख रमा पन्तले जानकारी दिए । निर्वाचन क्षेत्र नं १ को (क) मा ५५ हजार आठ सय ४५ मतदाता भएकामा ३३ हजार नौ सय पाँच मत खस्यो । खसेकामध्ये ३१ हजार ६ सय ९९ मत सदर र दुई हजार दुई सय ६ बदर भएको थियो । निर्वाचन क्षेत्र नं १ को (ख) मा ६५ हजार दुई सय ५५ मतदाता भएकामा ४१ हजार दुई सय ४३ मत खसेको थियो । खसेका मतमध्ये ३९ हजार दुई सय ९५ मत सदर र एक हजार नौ सय ४८ मत बदर भयो ।

निर्वाचन क्षेत्र नं २ को (क) मा ५० हजार तीन सय १३ मतदाता भएकामा ३५ हजार ८ सय ६८ मत खसेको थियो । खसेकामध्ये ३३ हजार चार सय ८५ मत सदर र दुई हजार तीन सय ८९ मत बदर भएको थियो ।

निर्वाचन क्षेत्र नं २ को (ख) मा ४७ हजार चार सय ९६ मतदाता भएकामा ३१ हजार पाँच सय ४५ मत खसेको थियो । खसेकामध्ये ३० हजार ५७ मत सदर र एक हजार पाँच सय ३८ मत बदर भयो । निर्वाचन क्षेत्र नं ३ को (क) मा ६१ हजार पाँच सय ९६ मतदाता भएकामा ४० हजार दुई सय ३२ मत खसेको थियो । सो मतमध्ये ३८ हजार एक सय ४५ मत सदर र दुई हजार ८७ बदर भयो ।

निर्वाचन क्षेत्र नं ३ को (ख) मा ५१ हजार सात सय २६ मतदाता भएकामा ३३ हजार सात सय ३५ मत खसेको थियो । खसेको मतमध्ये ३१ हजार सात सय ४७ मत सदर र एक हजार नौ सय ८८ मत बदर भएको थियो । प्रतिनिधिसभा सदस्यको समानुपातिकतर्फ निर्वाचन क्षेत्र नं १ मा ७५ हजार सात सय ७२ मत खसेकामा ६९ हजार सात सय ५६ सदर र पाँच हजार सात सय सात बदर भएको छ । निर्वाचन क्षेत्र नं २ मा ६७ हजार आठ सय ९४ मत खसेकामा ६२ हजार पाँच सय ५३ मत सदर र पाँच हजार तीन सय ४१ मत बदर भएको छ । निर्वाचन क्षेत्र नं ३ मा ७४ हजार पाँच सय ३० मत खसेकामा ६९ हजार तीन सय आठ सदर र पाँच हजार दुई सय २२ बदर भएको छ ।

प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिकतर्फ निर्वाचन क्षेत्र नं १ को (क), १ को (ख), निर्वाचन क्षेत्र नं २ को (क), २ को (ख), निर्वाचन क्षेत्र नं ३ को (क), ३ को (ख) मा कूल खसेको दुई लाख १६ हजार नौ सय दुई मतमध्ये एक लाख ९६ हजार चार सय ११ मत सदर र २० हजार चार सय ९१ मत बदर भएको छ ।

# सुन्तलाखेतीले फेरिएको दोसल्लेका किसानको जीवनशैली

**बागलुङ/रासस–** बिहान उठेदेखि राति अँध्यारो नहुँदासम्म सुन्तला बगैंचामै व्यस्त हुन्छिन् मायादेवी पुन । बिहान खाए बेलुकी के खाउँ ? जाडो बढ्दा न्यानो के लाउँको अवस्था भोगेकी पुनको दैनिकीमा अहिले परिवर्तन आएको छ । सुन्तलाले फेरिदियो ३८ वर्षीया पुनको जीवनशैली । उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि अलि वर कालीगण्डकी नदीको पक्की पुल पार गरेर दायाँ मोडिएपछि यातायातका साधनमार्फत करिब २० मिनेटको यात्रापश्चात् पुगिन्छ अन्नपूर्ण गाउँपालिका-७ मा पर्ने दोसल्ले गाउँ ।

शिरमा टिकोट र पुछारमा कालीगण्डकी नदी अनि बीचमा हरिया डाँडा र जङ्गलको बीचमा पश्चिम दक्षिण मोहोडा गरेर फैलिएको चिटिक्कको छ दोसल्ले गाउँ । यो गाउँमा ५२ घरधुरीको बसोबास छ । सबै घरधुरीका साना ठूला सुन्तलाका बगैंचा छन् । तिनै बगैंचामा फलेका सुन्तला बिक्री गरेर यहाँका बासिन्दाको जीवनशैलीमा निकै परिवर्तन भएको छ ।

'हाम्रा लागि सुन्तलाको बगैंचा नै युरोप, अमेरिका हो । सुन्तलाका बोट हाम्रा रोजगारदाता हुन् । छोराछोरीको जस्तै माया लाग्छ यी बोटको', शनिबार दोसल्लेको सुन्तला बगैंचामा यस संवाददातासँग हँसिली मायादेवी पुनले भनिन्, 'गत वर्ष दुई लाखको सुन्तला बोटबाटै बेचें, यस वर्ष नयाँ बोटमा फल लागेको छ, उत्पादन राम्रो भएकाले निर्माण व्यवसायीले रु चार लाखमा बोटबाटै सुन्तला खरिद गरेका छन् ।'



दोसल्लेका मिलन गर्बुजा, डिलमाया पुन, प्रेमबहादुर पाइजा लगायतका ५० कृषकले सुन्तलाबाट गत वर्षको भन्दा दोब्बर आम्दानी लिएका छन् । सबै कृषकका बगैंचामा लटरम्मै सुन्तला छन् । सुन्तला खरिद गर्न बगैंचामा नै आएका व्यापारीसँग उनीहरु मोलमोलाइमा व्यस्त छन् ।

भर्खरै सम्पन्न चुनावको मत संख्या गन्ती हुँदै गर्दा दोसल्लेका कृषकहरुलाई भने सुन्तलाको हिसाब किताब गर्न भ्याइनभ्याइ छ । २०५८ सालदेखि दोसल्लेमा व्यावसायिक सुन्तला खेती शुरु भएको अन्नपूर्ण गाउँपालिकाकी पूर्वउपाध्यक्ष केशमाया मगरले बताइन् । 'पहिला बारीमा दुई मुरी कोदो फल्थ्यो, वैदेशिक रोजगारी वा परम्परागत खेतीपातीबाट नै यहाँका बासिन्दाको जीवन चल्थ्यो', मगरले भनिन्, 'तर अहिले अवस्था फेरिएको छ । विदेश गएका पनि गाउँमा नै फर्केर सुन्तला खेतीमा लागेका छन् । गाउँको कोदोबारी अहिले सुन्तला बगैंचामा परिणत भएको छ ।'

सुन्तला खरिद गर्न काठमाडौं, चितवन र पोखरादेखि व्यापारी बगैंचामा नै आउछन् । 'बिक्रीको कुनै चिन्तै छैन । बोटमा सुन्तला फलेपछि घरमै पैसा आउँछ', दोसल्ले व्यावसायिक सुन्तलाजात किसान समूहका अध्यक्ष प्रेमबहादुर पाइजा भन्छन्, 'अरू ठाउँको भन्दा यहाँको सुन्तला हेर्दा आकर्षक र खाँदा रसिलो हुने भएकाले व्यापारी पहिला यहाँका सुन्तला नै खोज्दै आउँछन् ।'

यस वर्ष कात्तिकको तेस्रो सातासम्म २० व्यापारी आएका छन् । गाउँका प्रायः सबै किसानका सुन्तला बोटबाट नै बिक्री भइसकेका छन् । व्यापारीले बगैंचाबाटै प्रतिकिलो रु ९५ का दरले सुन्तला खरिद गर्छन् । दोसल्ले व्यावसायिक सुन्तलाजात किसान समूहका अध्यक्ष पाइजाले गत वर्ष ६२ हजार पाँच सय किलो सुन्तला निकासी हुँदा रु ७५ लाख गाउँमा भित्रिएको र यस वर्ष करिब दुई सय नयाँ सुन्तलाका बोटमा पनि फल लागेको र उत्पादन पनि राम्रो भएकाले करिब रु दुई करोडको हाराहारीमा सुन्तला निकासी हुने जानकारी दिए ।

**तथ्याङ्कमा म्याग्दीका सुन्तला**

म्याग्दीमा ६ सय ४० हेक्टर क्षेत्रफलमा सुन्तला खेतीले ढाकेकामा तीन सय ४५ हेक्टरमा रहेको सुन्तलाले उत्पादन दिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । गत आर्थिक वर्ष २०७८/७९ मा विगतका वर्षको तुलनामा भन्दा सुन्तला उत्पादन बढेको बताउँदै कृषि ज्ञान केन्द्रका प्रमुख किरण सिग्देलले दुई हजार ३० मेट्रिक टन सुन्तला उत्पादन भई रु १० करोडभन्दा धेरैको कारोबार भएको बताए । अघिल्लो आव २०७७/७८ मा म्याग्दीको सुन्तलामा 'चाइनिज सिड्रस फुडफ्लाई' नामक औंसा किराको प्रकोप देखिएर २५ प्रतिशतले उत्पादन घटेको थियो । तर गत आर्थिक वर्ष भने सुन्तलाको बोटमा खाद्य पासो थापेर औंसा किराको प्रकोप नियन्त्रण, किसानलाई तालिम, प्लास्टिकको थैला सहयोग तथा निरन्तरको अनुगमनले सुन्तला उत्पादन बढेको कृषि ज्ञान केन्द्रका प्रमुख सिग्देलले जानकारी दिए ।

बर्सेनि सुन्तलाको क्षेत्रफल विस्तार एवम् उत्पादन बढ्दै जान थालेको छ । गत वर्ष सुन्तला खेतीको प्रवर्द्धन तथा किसानलाई प्रोत्साहन गर्न कृषि ज्ञान केन्द्र म्याग्दीले रु ११ लाखको बजेटमा विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो । म्याग्दीमा बेनी नगरपालिकाभित्र भकिम्लीको मरेक, राखु, सिङ्गाको बास्कुना, मङ्गला गाउँपालिकाको कुहुँ, भर्जुला, बराङ्जा, भोर्लेनी, अर्मन, मालिकाको विम, ओखरबोट, देवीस्थान, धवलागिरिको ताकम, हिलापोखरी, मुदीको खाम्ला, रघुगङ्गाको राखु क्षेत्र, वेगखोला, अन्नपूर्णको दोवा, दाना, नारच्याङ, हिस्तानको दोसल्ले, घारलगायत क्षेत्र सुन्तला उत्पादनको पकेट क्षेत्र मानिन्छन् । म्याग्दीमा झन्डै पाँच सयजना किसान व्यावसायिक सुन्तला खेतीमा आबद्ध छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
१४ मंसिर २०७९, बुधबार
30 November 2022, Wednesday

## सम्पादकीय

# यथास्थिति कि जनादेशको सम्मान ?

प्रमुख दलका शीर्ष नेताहरूले सत्ता निर्माणको अभ्यास शुरू गरिसकेका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले केही दिन अगाडि नै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई टेलिफोन गरी सरकार निर्माणबारे बहसको आग्रह गरेका थिए । नेपाली कांग्रेसकै हाराहारीको शक्ति बनेको एमाले अध्यक्ष ओलीले वाम सरकारको संभावनाबारे संकेत दिएका थिए । यसमा प्रचण्डको जवाफ सार्वजनिक भएको छैन । तर प्रचण्डले सोमबार मात्रै नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग भेटवार्ता गरे । लगत्तै नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटवार्ता गरेका छन् । देउवा, प्रचण्ड र नेपालबीच अनौपचारिक सम्वाद समेत निरन्तर चलिरहेको नेताहरूले बताएका छन् । यी नेताहरूबीच फेरि पनि अहिलेकै गठबन्धनले सरकार बनाउनेबारे छलफल चलिरहेको छ ।

यदि यी नेताहरूको पहलले सार्थकता पाएमा अहिलेकै सरकारले निरन्तरता पाउन सक्ने संभावना पनिछ । गठबन्धनका दलहरूले पाएको मतको आधारमा सरकार निर्माणका लागि आवश्यक बहुमत जुटाउने ठाउँ बाँकी छ । किनकि यसपटक रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी, सिके राउत नेतृत्वको जनमत पार्टी र रेसम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीले राम्रै सिट ल्याउँदैछ । राप्रपाले पनि आफूलाई फेरि राष्ट्रिय शक्तिका रूपमा उभ्याएको छ । त्यसैले अहिलेकै गठबन्धनले बहुमत पुऱ्याउन र सरकार गठन गर्न सक्नेछन् । अर्कातिर एमाले नेतृत्वमा सरकार बन्न सक्ने संभावना पनि जिवित छ । किनकि यो चुनावबाट कुनैपनि दलले बहुमत ल्याउन सकेको छैन । संयुक्त सरकार बन्ने भएकाले जुनसुकै समीकरण बन्न सक्छ ।

तर जनमतकै सन्देश भने यथास्थिति होइन । अझ प्रधानमन्त्री भइसकेका नेताहरूविरूद्ध त चुनाव अगाडि 'नो, नट अगेन' अभियान नै चलेको थियो । पाँच पटक प्रधानमन्त्री भइसकेका देउवा, तीन पटक प्रधानमन्त्री भएका ओली, दुईपटक प्रधानमन्त्री भएका प्रचण्डदेखि एकपटक प्रधानमन्त्री भएका माधवकुमार नेपालविरूद्ध समेत 'नो, नट अगेन' अभियान चलेको हो । जनमत पनि त्यही अभियानको भावना सम्बोधन हुनेगरी आएको थियो । रवि, राजेन्द्र, सिके र रेसमको पार्टीले अप्रत्यासित मत पाउनुको सन्देश नयाँ भन्ने नै हो । तर झलनाथ खनाल र उपेन्द्र यादव सहित केही नेता बाहेक शीर्ष नेताहरूले यसपटक पनि चुनाव जित्नुले पूर्वप्रधानमन्त्रीहरूलाई फेरि सरकारको नेतृत्व गर्ने वैधानिक बाटो खुलेको छ । अब वैधानिक बाटो टेकेर प्रधानमन्त्री हुने कि जनमतको भावना सम्बोधन गर्दै नयाँ अनुहारलाई प्रधानमन्त्री बनाउने भन्नेबारे सोच्न सकिन्छ । ठूला दलहरूलाई नै सरकार निर्माणको जनादेश भएकाले पार्टीभित्रैका फ्रेस अनुहार उठाउने अवसर पनि नेताहरूलाई छ । तर अब बन्ने सरकारको दायित्व भने जनादेशकै सम्मान हो ।

# नीति र नेतृत्वको अभाव

हामी इतिहासको अत्यन्तै असाधारण मोडबाट गुज्रिरहेका छौं । एकातिर पुरानो राजनीतिक सत्ताको उपरी ढाँचामा सीमित परिवर्तन आए पछि बनेको अन्तरविरोधपूर्ण संविधान पछिको दोश्रो निर्वाचनबाट यति बेला मुलुक घिस्रिदैन छ भने अर्कोतिर यो निर्वाचनले पनि निकास दिन नसक्ने र व्यापक अन्यौल, अनिश्चितता र अराजकताको माहोल व्याप्त बन्दै जाने खतरा सम्मूख छ । यस प्रकारको अस्थिर परिवेशबाट मुलुकलाई सही दिशामा सन्तुलित किसिमले डोऱ्याउँदै र परिवर्तित जनअपेक्षाको परिपूर्ति गर्दै जानसक्ने नेतृत्वको अत्यन्तै अभाव देशमा विद्यमान छ । त्यस्तो जनतामा आधारित र समर्पित, सन्तुलित र संकल्पबद्ध नेतृत्वको निर्माण गर्न अझै हुन सकेको छैन, जसले देशको स्वाधीनता, सार्वभौमिक अखण्डता, नागरिक स्वतन्त्रता र जनतान्त्रिक अधिकार तथा जन जीविकालाई सहज बनाउने ठोस आधार तयार गर्नका निम्ति विश्वासिलो र भरोसायुक्त भूमिका खेल्न सकोस् । वास्तवमा अहिलेको अनिश्चितता र अन्यौल नयाँ नेतृत्वका निर्माणका लागि एउटा चूनौति र अवसरको समय पनि हो । अनि हामी सकारात्मक र सफल दिशातिर जाने कि असफल भएर अध्यारो सुरुङ्गभित्र पस्ने र फस्ने भन्ने प्रश्न पनि हाम्रा अगाडि यतिबेला उभिएको छ ।

हामीले अन्तर्राष्ट्रिय परिदृष्यलाई हेर्‍यौं भने पनि यो ठूलो उथलपुथलकै कालखण्डबाट परिस्थिति गुज्रिरहेको देखिन्छ । यस परिप्रेक्षलाई हेर्दा नेपालले एउटा अपेक्षाकृत अलिक स्थायी राष्ट्रिय व्यवस्थाको खोजी गरिरहेको छ । यसो हुनु आवश्यक र निश्चित पनि छ । यद्यपि समय सापेक्ष स्थायित्वको परिवेश शीघ्र नै बन्ला या अलिक बढी नै समय लाग्ला, यो परिवर्तन शान्तिपूर्ण किसिमले होला कि हिंसात्मक स्थिति पनि विकसित होला अहिले नै यकिन गरेर यसबारे कसैले केही भन्न सक्दैन र सक्ने कुरा पनि वास्तवमा होइन । तर, आज विश्वभरी र नेपालमा पनि के कुरा प्रष्ट र अखण्डनीय बन्दै गएको छ भने अब उत्पन्न या खडा हुने नयाँ विश्व व्यवस्था र नेपाली समाज व्यवस्थाको नेतृत्व भने कुनै एउटा समुदाय या समूह विशेषको बर्चश्वकोरूपमा एकल हातमा हुने छैन । यो विविध समुदायहरु र समूहहरुको विश्वासिलो आधारमा खडा राष्ट्रिय एकताको बीचबाट मात्र सम्भव हुन सक्नेछ ।

आज विश्व बहुध्रुबमा जान खोजेको र गइरहेको जस्तै नेपाली समाज पनि कुनै अहिलेसम्म खाइपाइ आएका ठालु अभिजात वर्ग र समुदायको भरमा अब चल्न सक्ने स्थिति छैन । विशेषगरी शोषित पीडित नेपाली जनसमुदाय र जन वर्गको सामयिक र सामुहिक हितको आधारमा मात्र देश सही दिशामा अघि बढ्न सक्ने र सम्हालिन सक्ने स्थिति बन्ने आभाष आजको स्थितिले दिइरहेको छ । यस स्थितिले स्वभावतः नयाँ नेतृत्व, नयाँ सामाजिक संरचना र नयाँ कानुन तथा नयाँ-नयाँ संस्थाहरुको उपस्थितिको ठोस माग गर्दछ । फलतः कुनै एउटा हिजोदेखि नै बर्चश्वशाली शक्तिको भरमा रहने, हुने यथास्थिति अब कायम रहन र त्यसैको प्रभावमा समाज प्रवाहित भइरहन सक्दैन ।

हुन पनि जसरी हिजो विश्वमा खास आर्थिक र सैनिक शक्तिको बलमा नयाँ अन्तर्राष्ट्रिय व्यवस्था निर्माण गरिन्थ्यो र त्यसलाई अन्य सबै देशहरुले दबाबमा परेर भए पनि बाहिर देखाउँदा स्वेच्छाले देखाउने या त अनिच्छापूर्व स्वीकार गर्ने गर्दथे यस्तो स्थिति हामी धेरै अघिको कुरा नगरी दोश्रो विश्व युद्धको अन्त्यदेखि यता विश्वमा अमेरिकी बर्चश्व चलेको अवस्था उदाहरणको रूपमा लिन सक्दछौ । तर, अब त्यसरी विश्व चल्दैन र एउटै देश पनि पहिलेदेखि चलिआएको वर्ग या अभिजात वर्ग विशेषको एकल बर्चश्वमा चल्न सक्ने स्थिति विज्ञान र प्रबिधिको अपूर्व विकासलगायत अन्य विकसित विभिन्न अर्थ-सामाजिक कारणले गर्दा कायम रहन सक्दैन ।

वास्तवमा आजको स्थितिको सर्सरी आकंलन गर्दा सम्भावित तीन वटा तस्वीर देखा पर्नसक्ने अनुभूत गर्न सकिन्छ । अहिले देखिँदै आएको पहिलो तस्वीर के हो भने विश्वमा चीन आफ्नो आर्थिक तथा सैनिक शक्तिको विकास र विस्तारसँगै विश्व इतिहासको सबैभन्दा शक्तिशाली देश बन्ने दिशामा दृढतापूर्वक अग्रसर छ । कतिपय आकंलनकर्ताहरु त केसम्म भन्न थालेका छन् भने चीनले अहिलेदेखि नै यो भूमिका स्वीकार गर्न

**अग्रलेख**



● लोकनारायण सुबेदी



> साझा समुन्नति र विकासको बाटो नै राष्ट्रिय राजनीतिको पनि आजको समय सापेक्ष मूल बाटो हो । नेपालले बदलिँदो नेपाली जनताको आकांक्षा र विश्वको बदलिँदो परि स्थितिबाट लाभ लिन सक्ने गरी आफ्नो नेतृत्वको विकास गर्न सक्नुपर्दछ । त्यसमा रहेका बाह्रय र आन्तरिक बाधा अड्चनहरुलाई पन्छाउन सक्नुपर्दछ ।

थालिसकेको पनि छ । यद्यपि कतिपयले भने चीन त्यो स्थितिमा पुगिसकेको स्वीकारेका छैनन् र त्यसो भइसकेको स्वीकार गर्नु अपरिपक्क हुन्छ पनि भनिरहेका छन् । उनीहरु त्यसको के ठूलो कारण दर्शाउँदछन् भने केही वर्ष पहिलाको भन्दा चीनको अर्थव्यवस्था कोभिड-१९ को कारणले समेत यतिबेला केही ओरालो लागेको स्थिति छ र त्यसले गर्दा चीनको राजीतिक व्यवस्था पनि कमजोर हुन पुग्ने सम्भावना हुन्छ र त्यो बढी आत्मकेन्द्रित पनि हुन पुग्दछ । विश्वको अर्को यो भन्दा भिन्न तस्वीर सत्यको बढी नजिक छ भन्ने मत राख्ने विद्वान विश्लेषकहरु पनि छन् । त्यो के भने अब चीन र अमेरिका, दुबैको संयुक्त व्यवस्था बन्न जान्छ र दुबैले एक अर्कालाई परस्पर प्रभावित हिस्साकोरूपमा चुपाचाप स्वीकार्दछन् भने दुबै एक अर्कासँग निकै कडा प्रतिस्पर्धा पनि गरिरहेका हुन्छन् ।

तर, यस्तो प्रकारको संयुक्त जस्तो देखिएको स्थितिमा यदि कसैले निर्बिरोध प्रभूत्व जमाउन खोज्यो भने त्यतिबेला विश्व व्यवस्था अहिलेभन्दा अझ अस्थिर भएर जाने खतराको आशंका पनि त्यत्तिकै छ । अर्को तेश्रो तस्वीर हो बहुध्रुबीय व्यवस्था उत्पन्न हुने दिशामा विश्व समुदायको अग्रसरता हो, जसको संरचना धेरै हदसम्म विश्व नेतृत्व लिने खालको बन्न सक्दछ । यस्तो खालको व्यवस्था दुई सय वर्षभन्दा अघि १८१५ मा भियना कांग्रेसमा बनाइएको थियो । त्यसलाई झण्डै झण्डै सय वर्षसम्म १९१४ मा पहिलो विश्व युद्धको आरम्भसम्म कायम गरिएको थियो र त्यसले विश्वमा एक किसिमको अमन चयन कायम राख्न सकेकाके थियो भनिन्छ । यो अन्तर्राष्ट्रिय परिदृष्यमा अहिले हुन थालेको या देखापर्न थालेको २१औं शताब्दीको बहुध्रुबीय व्यस्थाको अनुरूप देखिन्छ र यो परिवर्तन हाम्रो जस्तो विकासशील देश अनुकूल हुन सक्ने अपेक्षासमेत गरिन्छ ।

यद्यपि हामी अहिले केवल एउटा नैतिकबान, साहसी र संकल्पबद्ध राजनीतिक नेतृत्वको अभावमा एउटा कमजोर र फितलो किसिमको राजनीतिक परिवर्तनको कालखण्डबाट गुज्रिरहेका छौं । देशमा प्रचुर प्राकृतिक श्रोत साधन र निकै ठूलो जैविक विविधता भइकन पनि हामी परनिर्भर परमुखापेक्षी विकासको गतिमा हाम्रो देश धेरै पछि रहेको नाजुक अवस्थामा छ । देशको सबैभन्दा ऊर्जाशील यूवा शक्ति रोजीरोटीको खोजीमा खाडीका मुलुक, मलेशिया, कोरियालगायतका देशहरुमा आश्रय लिन पुगिरहेको स्थिति छ । यस्तो अवस्थामा उदय हुन सक्ने या हुन लागेको बहुधुव्रीय विश्वबाट पनि उचित र आवश्यक लाभ लिन या उठाउन सक्ने स्थिति बन्न सकेको या बनेको छैन । निश्चय पनि विश्व बहुधुव्रीय दिशातिर अग्रसर भइरहँदा हामीले पनि एक ध्रुबतिर नलागि सुख छैन र त्यो अहिलेको विश्वलाई सर्सरी हेर्दा एशियाली ध्रुबमै हाम्रो संलग्नता हुने स्थिति प्रष्ट देखिन्छ । निश्चय यसरी अहिले विश्व बहुधुव्रीय दिशातिर अग्रसर भइरहँदा हामीले पनि एक ध्रुबतिर नलागि सुख छैन र त्यो अहिलेको विश्वलाई सर्सरी हेर्दा एशियाली ध्रुबमै हाम्रो संलग्नता हुने स्थिति देखिन्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा के छ भने हाम्रो देशलाई यतिबेला अपेक्षाकृत एउटा सापेक्ष स्थिरताको आवश्यकता छ । त्यसैले पनि हामी विश्व शान्ति र सुरक्षा कायम होस् भन्ने कुरामा केन्द्रित हुने गर्दछौं । यस सन्दर्भमा खासगरी विश्वमा बढ्दो गर्मी, जलवायु परिवर्तन, विभिन्न माहामारीहरु, साइबर अपराध, अबैध लागु पदार्थहरुको तस्करी, अन्तर्राष्ट्रियरूपमा बढ्दो आतंकवाद जस्ता समकालीनरूपमा बढ्दै गएका गम्भीर समस्याहरुको विश्व समुदायले एकाग्र र एकजुट भएर समाधान निकाल्नु पर्दछ भन्ने कुरातर्फ नै लाग्न प्रेरित गर्दछ । के कुरा सही हो भने विश्वमा एउटा शक्तिशाली पद्धति र व्यवस्था कायम भयो भने त्यसले अरु सबै समस्या हल गर्न गराउन सहज वातावरण बन्छ नै र विभिन्न देशलाई पनि त्यसले सही दिशामा अग्रसर हुन दबाबकारी भूमिका खेल्न सक्दछ । तर, त्यस्तो विश्व पद्धति बसाल्न सहज र सरल भने अवश्य पनि छैन ।

उल्लेख गर्ने नै हो भने आजको अमेरिका १९५० को दशकयता विश्वको एउटा सबैभन्दा शक्तिशाली मुलुककोरूपमा विश्व व्यवस्थामा अहिलेसम्म पनि हाबी रहेको छ । तर, पश्चिमा प्रभूत्वले सदियौंदेखि आकार लिदै आयो । यसरी भन्नुपर्दा वस्तुतः अमेरिका वस्तवमा पश्चिमा प्रभूत्वको जनक देश भने होइन बरु त्यो प्रभूत्वको एउटा बारिस देश चाँही हो । तर, अब कुनै पनि देशले अरु सबै देशको नेता बन्ने आकांक्षा राख्दछ भने उसलाई त्यस्तो बिरासत मिल्ने अवस्था छैन, जस्तो अमेरिकाले प्राप्त गरेको थियो ।

यद्यपि चीन प्राचीन सभ्यता भएको देश र अहिलेको विकासमा विश्वमा अग्रणी भएको कारणले त्यो भूमिका निर्वाह गर्न अग्रसर हुन सक्दछ । तर चीनको चरित्र र उसले बिगतमा भोगेका अनेकौ बाह्य दबाव र प्रभावका भयावह कठिनाईहरुका कारण भिन्नै किसिमले बनेको र परस्पर मैत्री र समान साझेदारका रूपमा आफुलाई विश्वका अगाडि प्रस्तुत गर्ने कुरानै उसले सर्बोपरी राखेको देखिन्छ । त्यसैले चीन बहुधुव्रीय विश्वकै पक्षमा रहेको छ र विश्व शान्ति, समानता र समुन्नतिका निमित्त हिजोको जस्तो एक ध्रबीय सोच आजको निमित्त सुहाउँदा पनि सुहाउँदैन र बहुध्रुबीय सामुहिक परिचालन, परस्पर अन्तरनिर्भरता सम्मानपूर्ण र समान साझेदारी अबको विश्वको गति र विकासको बाटो हो भन्ने निष्कर्ष निस्कन्छ । यही नै अर्थात् साझा समुन्नति र विकासको बाटो नै राष्ट्रिय राजनीतिको पनि आजको सापेक्ष मूल बाटो हो । नेपालले बदलिँदो नेपाली जनताको आकांक्षा र विश्वको बदलिँदो परिस्थितिबाट लाभ लिन सक्ने गरी आफ्नो नेतृत्वको विकास गर्न सक्नु र सिक्नु पर्दछ । त्यसमा रहेका बाह्य र आन्तरिक बाधा अड्चनहरुलाई पञ्छाउन सक्नुपर्दछ । यसरी मात्र नबोन्नत नेतृत्वको निर्माण हुने आधार तयार हुन्छ । यही नै नयाँ नेपालको आजको बदलिँदो परिस्थिति सापेक्ष मूलबाटो पनि हो ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

